फोन नं.: ०७८-५४०१७०५४१११६
E-mail: info@kawasotimun.gov.np
Website: www.kawasotimun.gov.np

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल

प.सं. २०८१/०८२
च.नं.

मिति: २०८१/१२/०७
ने.स. ११४५ चिल्लागा षष्ठी

## धान बालीको उन्नत बीउ माग गर्ने सम्बन्धी सूचना !!!

(प्रथम पटक सूचना प्रकाशित मिति : २०८१/१२/०७)

कावासोती नगरपालिकाको आ.व. २०८१/०८२ मा संघीय शसर्त तर्फको बार्षिक स्वीकृत **"खाद्यान्न बालीको उन्नत बीउ उपयोग अनुदान"** कार्यक्रम अन्तर्गत धानको उन्नत बीउ वितरणका लागि माग संकलन गर्नुपर्ने भएकाले यस कावासोती नगरपालिका भित्रका इच्छुक कृषक, कृषक समूह, कृषि सहकारी संस्था र व्यवसायिक कृषि फार्महरुले तपसिल बमोजिमका आवश्यक कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन (२०८१/१२/२१) भित्र सम्बन्धित वडा कार्यालमा प्रस्ताव पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। साथै म्याद नाघी प्राप्त हुन आएका तथा रीत नपुगेका प्रस्तावहरु उपर कुनै कार्यवाही हुने छैन।

तपसिल :

| क्र.स. | कार्यक्रमको नाम | माग गर्न सकिने धान बालीका जातहरु | | कैफियत |
|---|---|---|---|---|
| | | मोटो/मध्यम जातहरु | मसिनो जातहरु | |
| १. | खाद्यान्न बालीको उन्नत बीउ उपयोग अनुदान | सावित्री,<br>बहुगुणी २,<br>मकवानपुर १,<br>स्वर्ण सव-१ | सावा मसुली,<br>हर्दिनाथ ६,<br>राम धान,<br>सावा मसुली सव-१ | |

नोटः कार्यक्रम संचालन बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम ५० प्रतिशत अनुदानमा हुनेछ।

आवश्यक कागजातहरु :

१. रितपूर्वकको निवेदन (जात, क्षेत्रफल र परिमाण खुलेको)।
२. जग्गाको लालपुर्जाको प्रतिलिपि।
३. कृषक समूह/कृषि सहकारिहरुको हकमा बैठकको निर्णयको प्रतिलिपि।
४. कृषक समूह/सहकारी/फर्म दर्ता/नवीकरण/पाना नं./करचुक्ता प्रमाणपत्रको प्रतिलिपि।
५. निवदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि।

.....................................
(लिलाराज पौडेल)
प्रमुख प्रशासकीय अधिकृत